AHF
AIDS HEALTHCARE FOUNDATION

News Release

AHF NEPAL MEDIA CONTACT:
**Divya Raj Joshi, Country Program Manager**
AHF NEPAL
**+977-01-5193493, Divya.Joshi@ahf.org**

## गिलियड- मुनाफाभन्दा पहिले जीवन राख, एएचएफ नेपाल

औषधि निर्माता विशाल कम्पनी गिलियड साइन्सेसलाई यसको लोभी रणनीतिहरू रोक्न र मुनाफाभन्दा पहिले जीवन राख्न, एड्स हेल्थकेयर फाउन्डेशनल गिलियडको वकालत गरिरहेको छ। यसले आफ्नो औषधिहरू मध्ये एचआईभी र हेपाटाइटिस सीको औषधीहरु धेरैलाई विश्वव्यापी रूपमा, विशेष गरी निम्न आय भएका देशहरूमा पहुँच भन्दा बाहिर राखेको छ।

गिलियड विश्वको शीर्ष १५ सबैभन्दा ठूलो बायोफार्मास्युटिकल फर्महरू मध्ये एक हो, जसले २७ अर्ब डलरभन्दा बढी नाफा आर्जन गरेको छ र सन् २०२१ मा मात्र यसको सीईओलाई १९ मिलियन डलरभन्दा बढी भुक्तानी गरेको छ ।
जीवनरक्षक औषधिको अत्यधिक मूल्य निर्धारण गर्नुका साथै यसले निम्न आय भएका देशहरूमा केही औषधिहरू दर्ता गर्न इन्कार गरेको छ र यसका औषधिहरूको सस्तो, जेनेरिक संस्करणहरू ल्याउने प्रयासहरूलाई निरन्तर अवरुद्ध गरेको छ।
एएचएफले काम गर्ने धेरै देशहरूमा आगामी विरोध प्रदर्शनहरू र विश्वव्यापी रूपमा अन्य योजनाबद्ध कार्यहरूको साथ, एएचएफले गिलियडको लज्जास्पद अभ्यासहरूको बारेमा जागरूकता बढाइरहेको छ र कम्पनीलाई निम्न कार्यहरू गर्न आह्वान गरिरहेको छ:
१. ट्रुवाडा जस्ता विद्यमान एचआईभी/एड्सका औषधिहरूमा सदाबहार पेटेन्ट हरू बन्द गर्नुहोस् - यो शोषण हो, नवीनता होइन।

२.हेपाटाइटिस सी को औषधि हार्भोनीको जेनेरिक उत्पादनको लागि इजाजतपत्र सबै निम्न र मध्यम आय भएका देशहरूमा बिना अपवाद खोल्नुहोस्।

३. कोभिड-१९ महामारीको अवधिभर रेम्डेसिभिरलाई गैरनाफामुलक मूल्यमा जेनेरिक वितरणका लागि बिक्री वा लाइसेन्स दिने ।
४. जेनेरिक निर्माताहरूलाई क्रिप्टोकोकल मेनिन्जाइटिसको लागि उपचार उत्पादन गर्न लाइसेन्स र टेक्नोलोजी दिनुहोस् ।

५. कार्यकारी क्षतिपूर्तिलाई सकारात्मक जनस्वास्थ्य परिणाम र विकासशील देशहरूमा औषधिहरूको पहुँचमा पर्ने प्रभावसँग जोडेर हेर्नुहोस् ।
एएचएफ एसिया ब्युरोका प्रमुख डा. चिम सरथले भने, "हामी गिलियडलाई यी पाँच वटा काम गर्न आह्वान गर्दैछौं किनभने निम्न र मध्यम आय भएका मुलुकका लाखौं मानिसहरूलाई सहयोग गर्न यी महत्वपूर्ण छन्। "गिलियडले आफ्नो लोभीपन, एकाधिकारवादी रणनीतिमार्फत एचआईभी र अन्य

अवस्थाहरूको लागि सबैभन्दा प्रभावकारी र राम्रो सहनशील एन्टिरेट्रोभाइरल उपचारहरूको पेटेन्टहरू ( सदाबहारको रूपमा चिनिने) नियन्त्रण गरेर एचआईभीको संक्रमणका साथ बाँचिरहेका मानिसहरूलाई हानि पुर्‍याउँदै अरबौं डलर कमाएको छ, जसले गर्दा सस्तो जेनेरिक औषधिहरू उत्पादन गर्न अनुमति दिँदैन। संसारभरिका एड्भोकेटहरु यो अति भयो - गिलियडले सही काम गर्नुपर्छ र मानिसहरूको जीवनलाई नाफाभन्दा माथि राख्न थाल्नुपर्छ।

“हामीले विगत दशकहरूमा एचआईभीमा एक सफल विश्वव्यापी प्रतिक्रिया देखेका छौं जुन मुख्यतया किफायती, जेनेरिक एआरभी (एन्टिरेट्रोभाइरल) को लागि धन्यवाद दिन चाहन्छौं। यी उपचारहरू विस्तारित क्षेत्रीय उत्पादनको कारण पहुँचयोग्य छन् जुन बौद्धिक सम्पत्तिको साझेदारीद्वारा सम्भव भएको छ जसले अन्य निर्माताहरूलाई यी औषधिहरू उत्पादन गर्न र कम मूल्यमा उपलब्ध गराउन अनुमति दिन्छ। गिलियडको लोभ र पेटेन्ट एकाधिकार यसको विपरीत छ र यसले एचआईभी संक्रमित मानिसहरूलाई मात्र हानि पुर्‍याउँदैन। गिलियडले कोभिड-१९ खोप र अन्य हेपाटाइटिस सीका लागि किफायती औषधिको पहुँचलाई पनि सीमित गरेको छ । हामी गिलियडको लोभीपना स्वीकार गर्दैनौं र अब सबै नागरिकले जीवनरक्षक औषधि प्राप्त गर्न सकून् भनेर यो कदम चाल्न माग गर्दछौं।” एएचएफ नेपालका कन्ट्री प्रोग्राम म्यानेजर दिव्यराज जोशीले भने

अत्यधिक प्रभावकारी हेपाटाइटिस सी औषधिको मूल्य प्रति चक्की 1,000 अमेरिकी डलर पर्छ र १२ हप्ताको उपचारको खुद्रा मूल्य अमेरिकामा ९0,000 डलरभन्दा बढी छ। यही औषधिको जेनेरिक संस्करणको मूल्य भारतमा प्रति चक्की ४ डलर मात्र पर्छ, तर मेडेकिन्स सान्स फ्रन्टियर्सका अनुसार गिलियडले ५0 मध्यम आय भएका देशहरूलाई जेनेरिक, छुट मूल्यमा पहुँचबाट बाहिर राखेको छ। यी बहिष्कृत देशहरूमा जमैका, ट्युनिसिया, फिलिपिन्स, युक्रेन र भेनेजुएला लगायत छन्।

एएचएफका ग्लोबल एड्भोकेसी एण्ड पोलिसी निर्देशक गुइलेर्मिना अलानिजले भने, “ सबैभन्दा प्रभावकारी, आधुनिक र जीवन बचाउने औषधिहरूलाई न्यून र मध्यम आय भएका देशहरूमा लाखौं मानिसहरूको पहुँचभन्दा बाहिर राखेर को बाँच्ने र को मर्ने भन्ने कुरामा मनमानी ढंगले मूल्य निर्धारण गरेकोमा गिलियडलाई जवाफदेही बनाइनुपर्छ।” गिलियड ब्लकबस्टर औषधिहरुको प्याटेन्ट एकाधिकारको दोहन गरी आफू र आफ्ना शेयरधनीहरूलाई समृद्ध बनाउन गर्न कुख्यात छ। यसले अनुसन्धान र विकास लागतलाई बहानाको रूपमा प्रयोग गर्दछ जबकी ती पक्षहरू प्रायः करदाताहरू द्वारा वित्त पोषित हुन्छन्। उनीहरूको उदारताको लागि, आमजनता र निम्न आय भएका देशहरूलाई उच्च मूल्यको औषधिका साथ पुरस्कृत गरिन्छ। गिलियडको लोभी रणनीतिबारे सबैलाई थाहा दिई, धनी देशका मानिसहरूलाई मात्र नभई, सबैका लागि जीवनरक्षक औषधिहरू उपलब्ध गराउनु नै हाम्रो विश्वव्यापी वकालतको अभियान हो।”

**एएचएफ र एमएसएफलगायत करिब १५० गैरसरकारी संस्थाहरूको एक समूहले हालै गिलियडलाई पत्र लेख्दै कोभिड–१९ को उपचारमा प्रयोग हुने औषधि रेमडेसिभिरमा पहुँच विस्तार गर्न माग गरेको छ** । गिलियडले विश्वका ७0 देशमा रेम्डेसिभिरको पेटेन्ट राखेको छ र अमेरिका बाहिर यो औषधिको उत्पादन स्थल छैन । रेमडेसिभिरको ठूलो मागलाई ध्यानमा राख्दै, एमएसएफले गिलियडले पेटेन्ट एकाधिकारको फाइदा उठाउँदै औषधिमा पहुँच

सीमित गर्न र जेनेरिक प्रतिस्पर्धा रोक्न खोजेको बताएको छ। यसैबीच, प्रभावकारी उपचारको अभावमा कोभिड-१९ बाट संक्रमित लाखौं मानिसको मृत्यु हुने खतरा छ ।

नयाँ औषधिहरू विकास गर्न आफ्नो विशाल मुनाफा प्रयोग गर्ने दाबीहरूको बावजुद, गिलियडले प्रायः नयाँ औषधिहरूमा सार्वजनिक रूपमा वित्त पोषित अनुसन्धानहरू खरीद गर्दछ, तिनीहरूलाई उच्च मूल्यमा बजारमा ल्याउँदछ, र उच्च-बजार स्टक मूल्यहरू राखि लाभांशहरू वितरण गर्दै यसको अधिकारीहरूलाई ठूलो वेतन प्याकेजहरूको साथ पुरस्कार दिन्छ ।

गिलियडले लालच बन्द गर्ने समय आएको छ।कक